**मध्यनेपाल नगरपालिका**

**भोर्लेटार, लमजुङ**

**<u>नगर कार्यपालिकाको वैठकका प्रस्ताव तथा निर्णयहरुः</u>**

**(वैठक संख्याः ०४/२०८१-०८२, मितिः २०८१/०६/१७)**

१. **शुभकामना आदान प्रदान सम्बन्धमाः** आउँदै गरेका महान चाडं पर्वहरु वडा दशैं, तिहार, छठ, नेपाल संवतको सुखद अवसरमा एक आपसमा शुभकामना आदान प्रदान गरियो। परापूर्व कालदेखि चली आएका चाडं पर्वहरु मनाउँदा चलिआएको रिति थिती र परम्परा अनुसार संस्कृतिको जगेर्ना गर्नेतवरवाट मनाउन र चाडपर्वको नाउँमा हुने विकृति विसंङ्गतीहरुलाई निरुत्साहीत गर्न सकारात्मक संदेश प्रवाह गर्ने।

२. **प्रगति समिक्षा तथा विवरण सार्वजनिक गर्ने सम्बन्धमाः** यस नगरपालिकाको गत आ.व. २०८०/०८१ को वजेट कार्यान्वयनको प्रगति विवरण तयार गरी सरोकारवालाहरुको उपस्थितिमा कार्तिक मसान्त भित्र प्रगति समिक्षा गर्ने र विभिन्न माध्यमवाट प्रतिवेदन सार्वजनिक गर्ने।

३. **कानून मस्यौदा समिति गठन सम्वन्धमाः** यस मध्यनेपाल नगरपालिकाको कार्यसञ्चालनका लागि आवश्यक ऐन, नियमावली, कार्यविधि, मापदण्ड, निर्देशिका आदिको मस्यौदा तयार गरी पेश गर्न तपसिल बमोजिमको कानून मस्यौदा समिति गठन गर्ने।

**<u>तपसिलः</u>**

प्रमुख प्रशासकीय अधिकृत श्री चण्डिका पौडेल- संयोजक

प्रशासकीय अधिकृत श्री प्रतापु शर्मा- सदस्य

रोजगार सहायक श्री अनिल ~~खत्री~~ कुंवर- सदस्य

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८४ को उपदफा २ (ज) तथा मध्यनेपाल नगर कार्यपालिकाको निर्णय वा आदेश र अधिकार पत्रको प्रमाणिकरण कार्यविधि,२०७४ को नियम ५ को उप नियम (१) बमोजिम प्रमाणित गरिएको।

**<u>निर्णय प्रमाणीत गर्ने</u>**

| | |
|---|---|
| चण्डिका पौडेल | रमेश कुमार पाण्डे |
| प्रमुख प्रशासकीय अधिकृत | नगर प्रमुख |

**मितिः२०८१/०६/१७**